

# एकाइ 1: SRH का लागि MISP भनेको के हो?

यौन तथा प्रजनन स्वास्थ्य (SRH) का लागि न्यूनतम प्रारम्भिक सेवा प्याकेज (MISP) भनेको प्रत्येक मानवतावादी आपतकालीन अवस्थाको प्रारम्भमा (सम्भव हुँदा 48 घण्टा भित्र) कार्यान्वयन गरिनुपर्ने जीवन रक्षक प्राथमिकता SRH क्रियाकलाप र सेवाहरूको एक समन्वित सेट हो।

SRH का लागि MISP को लक्ष्य भनेको प्रभावित समुदायको मर्यादाका साथ जीवन जिउने अधिकारलाई सुरक्षित गर्दै SRH सँग सम्बन्धित बिमारी र मृत्युदर रोकथाम गर्ने हो। यसका उद्देश्यहरू भनेका SRH का लागि MISP को कार्यान्वयनलाई नेतृत्व गर्न संस्थाको पहिचान सुनिश्चित गर्ने, यौन हिंसा रोक्ने र उत्तरजीवीका आवश्यकताहरूमा प्रतिक्रिया जनाउने, ह्मन इम्युनोडिफिशियन्सी भाइरस (HIV) अन्य यौन सम्पर्कबाट सर्ने सङ्क्रमणहरू (STIs) को सङ्क्रमण रोक्ने र यसको कारणले हुने बिमारी र मृत्युदर कम गर्ने, अत्याधिक मातृ तथा नवजात बिमारी र मृत्युदर रोक्ने, अनिच्छित गर्भावस्थाहरू रोक्ने र जति सक्दो छिटो विस्तृत SRH सेवाहरूलाई प्राथमिक स्वास्थ्य स्याहारमा समाहित गर्ने योजना बनाउने हुन्। SRH का लागि MISP का अन्य प्राथमिकता क्रियाकलापहरूमा कानुनको पूर्ण हदसम्म सुरक्षित गर्भपतन स्याहार (SAC) मा पहुँच समावेश छ।

यो प्राथमिकता क्रियाकलापहरूको सेट विपदको समय आरम्भ हुँदा प्रशिक्षित कर्मचारीद्वारा समन्वित तरिकामा कार्यन्वयन गरिएको हुनुपर्छ। कागजातीकरण गरिएको प्रमाणले पहिले नै पूर्ण SRH आवश्यकता मूल्याङ्कनको प्रयोगलाई उचित प्रमाणित गरेको कारण यो बिना नै SRH का लागि MISP कार्यान्वयन गर्न सकिन्छ। यद्यपि, विपत्तिबाट प्रभावित जनसङ्ख्या बारे केही प्रारम्भिक स्थितिजन्य, जनसाङ्ख्यिकीय र स्वास्थ्य जानकारीलाई SRH का लागि MISP का क्रियाकलापहरू र वकालतको आदर्शतम डेलिभरीका लागि स्वास्थ्य समन्वयन संयन्त्रसँग निर्धारित गरिएको हुनुपर्छ। यी क्रियाकलापहरूमा न्यूनतम आवश्यकता हुन्छ र यिनीहरूलाई निरन्तरता दिन, गुणस्तरमा सुधार ल्याउन र अवस्थाले अनुमति दिनसाथ अन्य विस्तृत SRH सेवाहरू र प्रोग्रामिङसँग विस्तारित गर्न अपेक्षा गरिन्छ भन्ने कुरालाई ध्यानमा राख्न महत्त्वपूर्ण छ।

## एकाइको अन्त्यमा, अध्ययनकर्ताहरू निम्न कुराहरू गर्न सक्षम हुने छन्:

- SRH का लागि MISP का उद्देश्य र प्राथमिकताहरू सूचीबद्ध गर्न;
- मानवतावादी आपतकालीन अवस्थाहरूमा SRH का लागि MISP को प्राथमिकता किन छ भनी व्याख्या गर्न;
- SRH का लागि MISP सेवाहरूको योजना र कार्यान्वयनमा विपत्तिबाट प्रभावित जनसङ्ख्याहरू संलग्न हुनुको महत्त्व बारे व्याख्या गर्न; र
- SRH का लागि MISP को लागि कसरी निरीक्षण गर्ने र वित्त व्यवस्था प्राप्त गर्ने भनी व्याख्या गर्न।

## SRH का लागि MISP का उद्देश्य र क्रियाकलापहरू

SRH का लागि MISP का छवटा उद्देश्य र एउटा अन्य प्राथमिकता छ। यिनीहरूमा निम्न समावेश छन्:

### स्वास्थ्य क्षेत्र/समूहले MISP को कार्यान्वयन नेतृत्व गर्न एक सङ्गठनको पहिचान गर्छ भनी सुनिश्चित गर्ने। नेतृत्व SRH संस्थाले[14]

- स्वास्थ्य सेवाहरू प्रदान गर्ने सबै निकायहरूलाई प्राविधिक र सञ्चालनात्मक सहायता प्रदान गर्नका लागि SRH संयोजक नियुक्त गर्छ;
- SRH का लागि MISP को कार्यान्वयन सुनिश्चित गर्न समन्वित कार्यलाई सहज बनाउनका लागि सबै सम्बन्धित सरोकारवालाहरूसँग नियमित बैठकहरू आयोजित गर्छ;
- MISP कार्यान्वयनसँग सम्बन्धित कुनै पनि समस्याको बारेमा स्वास्थ्य क्षेत्र/समूह, लिङ्गमा आधारित हिंसा (GBV), उप- क्षेत्र/समूह र/वा HIV राष्ट्रिय समन्वयन बैठकहरूमा रिपोर्ट गर्छ;
- स्वास्थ्य/GBV/HIV समन्वयन प्रक्रियाहरूसँगै, विद्यमान SRH सेवाहरूको प्रतिचित्रण र विश्लेषण सुनिश्चित गर्छ;
- स्वास्थ्य तथा लोजिस्टिक क्षेत्र/समूहसँगको सहकार्यमा SRH सेवा र सामग्रीहरूको उपलब्धता बारे जानकारी साझा गर्छ; र
- SRH सेवाहरूको उपलब्धता र स्थान बारे समुदाय सचेत छ भनी सुनिश्चित गर्छ।

### निम्नानुसार यौन हिंसा रोक्ने र उत्तरजीवीका आवश्यकताहरूमा प्रतिक्रिया जनाउने:

- प्रभावित जनसङ्ख्या, विशेषगरी, महिला र केटीहरूलाई यौन हिंसाबाट सुरक्षित गर्नका लागि स्वास्थ्य सुविधाहरूसहित सामुदायिक, स्थानीय र जिल्ला स्तरहरूमा रोकथाममूलक उपायहरू कार्यान्वयन गर्न अन्य समूह, विशेषगरी सुरक्षा समूह र GBV उप-समूहसँग कार्य गरेर;
- यौन हिंसाका उत्तरजीवीहरूका लागि उपलब्ध अन्य सहायक सेवाहरूमा क्लिनिकल स्याहार र सिफारिस गरेर; र
- यौन हिंसाका उत्तरजीविहरूलाई उपयुक्त क्लिनिकल स्याहार र सिफारिस प्राप्त गर्न र प्रदान गर्नका लागि स्वास्थ्य सुविधाहरूमा गोपनीय र सुरक्षित स्थानहरू स्थापित गरेर।



14 मानवतावादी परिस्थितिहरूमा प्रजनन स्वास्थ्यको लागि अन्तरनिकाय फिल्ड म्यानुअल: २०१८ को संशोधन (विपदको समयमा प्रजनन स्वास्थ्यको लागि अन्तरनिकाय कार्यरत समूह, २०१८), http://iawg.net/wp-content/uploads/2018/11/IAFM-web.pdf.

## निम्नानुसार HIV र अन्य STIs को सङ्क्रमण रोक्ने र यसको कारणले हुने बिमारी र मृत्युदर कम गर्नेः

- रक्त दानको सुरक्षित र उचित प्रयोग स्थापित गरेर;
- उच्च सावधानीहरूको प्रयोग सुनिश्चित गरेर;
- निःशुल्क, लुब्रिकेट गरिएको पुरूष कण्डमहरूको उपलब्धताको ग्यारेण्टी दिएर र उपयुक्त हुँदा (उदाहरण, विपत्तिभन्दा पहिले जनसङ्ख्याद्वारा पहिले नै प्रयोग गरिएको), महिला कण्डमहरूको प्रावधान सुनिश्चित गरेर;
- आमाबाट बच्चामा संक्रमणको रोकथाम (PMTCT) कार्यक्रमहरूमा नाम दर्ता भएका महिलासहित आपतकालीन अवस्थापूर्व एन्टिरेट्रोभाइरल थेरापी (ART) कार्यक्रममा नाम दर्ता भएका मानिसहरूको उपचार जारी राख्न एन्टिरेट्रोभाइरलहरू (ARVs) को प्रावधानलाई समर्थन गरेर;
- उपयुक्त भए अनुसार यौन हिंसाका उत्तरजीवीहरू र व्यावसायिक अनावरणका लागि पोस्ट एक्पोजर प्रोफिलेक्सि (PEP) प्रदान गरेर;
- HIV भेटिएको वा पहिले नै HIV निदान भएका बिरामीहरूमा अवसरवादी सङ्क्रमणहरूका लागि को-ट्राइमोक्साजोल प्रोफिलेक्सिको प्रावधानलाई समर्थन गरेर; र
- स्वास्थ्य सुविधाहरूमा STIs को सिन्ड्रोमिक निदान र उपचारको उपलब्धता सुनिश्चित गरेर।

## निम्नानुसार अत्याधिक मातृ तथा नवजात बिमारी र मृत्युदर रोक्नेः

- निम्न कुराहरू सहित स्वच्छ र सुरक्षित प्रसव, महत्त्वपूर्ण नवजात शिशुको स्याहार र जीवन रक्षक आपतकालीन प्रसूति तथा नवजात स्याहार (EmONC) सेवाहरूको उपलब्धता र सुलभता सुनिश्चित गरेरः
  - a. सिफारिस अस्पताल स्तरमाः विस्तृत आपतकालीन प्रसुति तथा नवजात स्याहार (CEmONC) को प्रावधानका लागि दक्ष चिकित्सा कर्मचारी र आपूर्तिहरू;
  - b. स्वास्थ्य सुविधा तहमाः प्राकृतिक जन्महरूका लागि र आधारभूत आपतकालीन प्रसतीति तथा नवजात स्याहार (BEmONC) को प्रावधानका लागि दक्ष प्रसव सहायक र आपूर्तिहरू;
  - c. सामुदायिक तहमाः समुदायमा सुरक्षित प्रसव र EmONC सेवाहरूको उपलब्धता बारे र स्वास्थ्य सुविधाहरूबाट स्याहार खोज्नुको महत्त्व बारे जानकारीको प्रावधान; स्वास्थ्य सुविधामा पहुँच सम्भव नहुँदा स्वच्छ गृह प्रसवहरूलाई बढावा दिनका लागि प्रत्यक्ष रूपमा गर्भवती महिला र प्रसव सहायकहरूलाई स्वच्छ प्रसव किटहरू उपलब्ध गराउनुपर्छ।
- समुदायदेखि स्वास्थ्य केन्द्र र अस्पतालसम्म यातायात र सञ्चार सहज बनाउनका लागि दिनको २४ घण्टा, हप्ताको ७ दिन सिफारिस प्रणाली स्थापित गरेर;
- स्वास्थ्य केन्द्र र अस्पतालहरूमा जीवन रक्षक गर्भपतन-पश्चातको स्याहारको उपलब्धता बारे सुनिश्चित गरेर; र
- स्वास्थ्य सुविधामा पहुँच सम्भव नहुँदा वा अस्थिर हुँदा स्वच्छ प्रसव र तत्कालीन नवजात शिशुको स्याहारका लागि आपूर्ति र सामग्रीहरूको उपलब्धता सुनिश्चित गरेर।

## निम्नानुसार अनिच्छित गर्भावस्थाहरूको रोक्ने:

- माग पूरा गर्नका लागि प्राथमिक स्वास्थ्य स्याहार सुविधाहरूमा लामो समयसम्म काम गर्ने, प्रत्यावर्ती र छोटो समयसम्म काम गर्ने गर्भनिरोधक विधिहरू (पुरुष र महिला [पहिले नै प्रयोग गरिँदा] का कण्डमहरू र आपतकालीन गर्भनिरोधक सहित [EC]) को दायराको उपलब्धता सुनिश्चित गरेर;
- विद्यमान जानकारी, शिक्षा र सञ्चारका सामग्रीहरू र गर्भनिरोधन सम्बन्धी परामर्श सहितका जानकारी उपलब्ध गराउने जसले सूचित छनोट, जसले सूचित छनोट र सहमति, प्रभावकारिता, सेवाग्राही गोपनीयता र गोप्यता, समानता र गैर-भेदभावलाई महत्व दिन्छ; र
- महिला, किशोर-किशोरीहरू र पुरूषका लागि गर्भनिरोधकको उपलब्धता बारे समुदाय सचेत छ भनी सुनिश्चित गरेर।

## जति सक्दो छिटो SRH सेवाहरूलाई प्राथमिक स्वास्थ्य स्याहारमा समाहित गर्ने योजना बनाउने।

- निम्न छवटा स्वास्थ्य प्रणाली भवन खण्डलाई सम्बोधन गर्नका लागि स्वास्थ्य क्षेत्र/समूह साझेदारहरूसँग कार्य गर्ने: सेवा डेलिभरी, स्वास्थ्य कार्यबल, स्वास्थ्य प्रणाली जानकारी, चिकित्सा सामग्रीहरू, वित्त व्यवस्था र शासन प्रणाली र नेतृत्व।

## अन्य प्राथमिकता

- स्वास्थ्य केन्द्र र अस्पताल सुविधाहरूमा सुरक्षित गर्भपतन स्याहार कानूनको पूर्ण हदसम्म उपलब्ध छ भनी सुनिश्चित गर्न पनि महत्त्वपूर्ण हुन्छ।

# यौन तथा प्रजनन स्वास्थ्य (SRH) भनेको के हो?

अन्तर्राष्ट्रिय जनसङ्ख्या तथा विकास सभाले SRH लाई "प्रजनन प्रणाली र यसका प्रकार्य तथा प्रक्रियाहरूसँग सम्बन्धित सबै मामिलाहरूमा पूर्ण शारीरिक, मानसिक र सामाजिक कल्याणको स्थिति" को रूपमा परिभाषित गरेको छ।[15]

यो परिभाषाले मानवतावादी परिस्थितिहरूमा बस्ने महिला, पुरूष र किशोर-किशोरीहरूसँग निम्न कुराहरूमा अधिकार छ भनी सङ्केत गर्छ:

- सन्तोषजन र सुरक्षित यौन जीवन;
- कहिले र कति पटक बच्चा जन्माउने भनी निर्णय लिने स्वतन्त्रता;
- आफ्नो छनोटका गुणस्तरीय, सुरक्षित, प्रभावकारी, वहनीय र स्वीकार्य
- गर्भनिरोधक विधिहरू बारे जानकारी र त्यसमा पहुँच;
- सुरक्षित गर्भावस्था र प्रसव सक्षम गर्ने र आफ्नो शिशुको स्वास्थ्यको सुरक्षा गर्ने उपयुक्त स्वास्थ्य स्याहार सेवाहरू;
- HIV र STI को रोकथाम र उपचार बारे जानकारी; र
- कानूनको पूर्ण हदसम्म प्रजनन नियमनका लागि हस्तक्षेप र रणनीतिहरू।

15 संयुक्त राष्ट्र, "प्रोग्राम अफ एक्सन" (अन्तर्राष्ट्रिय जनसङ्ख्या तथा विकास सभा, Cairo, ५–१३ सेप्टेम्बर १९९४ मा अंगीकृत), अनुच्छेद ७.२, https://unfpa.org/sites/default/files/event-pdf/PoA_en.pdf.

## SRH का लागि MISP को प्राथमिक किन छ?

SRH का लागि MISP का तत्त्वहरूले महत्त्वपूर्ण, जीवन रक्षक स्वास्थ्य कार्यहरूलाई प्रतिनिधित्व गर्छ जुन अन्य जीवन रक्षकने क्रियाकलापहरू सँगसँगै कार्यान्वयन गरिएको हुनुपर्छ। SRH का लागि MISP मर्यादाका साथ जीवन जिउने अधिकारलाई सुरक्षित गर्दै मृत्यु, बिमारी र अपाङ्गता कम गर्नका लागि महत्त्वपूर्ण छ। विपत्तिबाट प्रभावित समुदायहरूसँग यी सेवाहरूमा पहुँच गर्ने र विस्तृत SRH जानकारीको अधिकार छ जसकारण उनीहरूले स्वतन्त्र र सूचित छनोटहरू गर्न सक्छन्।

!

यदि SRH का लागि MISP लाई मानवतावादी प्रतिक्रियामा बेवास्ता गरिन्छ वा प्राथमिकता दिइँदैन भने, संयुक्त राष्ट्र (UN), राष्ट्रिय नीति निर्माता, गैर-सरकारी संस्थाहरू (NGOs) र अन्यसँग आफ्नो वकालतमा यी बुँदाहरू प्रयोग गर्नुहोस्।

SRH का लागि MISP भनेको:

- प्रकोप प्रतिक्रियाको अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त सार्वभौमिक न्यूनतम मानक हो;
- केन्द्रिय आपतकालीन प्रतिक्रिया कोष (CERF) को CERF वित्त व्यवस्थाका लागि योग्य न्यूनतम जीवन रक्षक मापदण्ड हो;
- विश्वव्यापी स्वास्थ्य समूह मार्गदर्शनमा समाहित छ; र
- प्रकोप प्रतिक्रिया SRH र HIV मानकमा वृत्त न्यूनतम मानको २०१८ संस्करणमा समाहित छ।

## आपतकालीन परिस्थितिमा SRH का लागि MISP लाई बेवास्ता गर्ने गर्नुका सम्भावित परिणामहरू के-के हुन्?

SRH का लागि MISP कार्यान्वयन नहुँदा विपत्तिबाट प्रभावित मानिसहरूको जीवन जोखिममा पुग्छ। उदाहरणका लागि, महिला र केटीहरू खाना, आगो बाल्ने दाउरा, पानी र शौचालयहरू पहुँच गर्ने प्रयास गर्दा यौन हिंसाको जोखिममा पर्न सक्छन्। उनीहरूको आवास उनीहरूलाई अतिक्रमीबाट सुरक्षित गर्नका लागि पर्याप्त नहुन सक्छ वा उनीहरूलाई  आवासको यस्तो स्थितिमा  राख्न सकिन्छ जसले उनीहरूलाई आफ्नो गोपनीयताबाट वञ्चित गर्छ। शक्तिशाली व्यक्तिहरूले जोखिममा परेका व्यक्तिहरू, विशेषगरी महिला र केटीहरूलाई यौनक्रियाको बदलामा आवश्यक पर्ने सामानहरूमा पहुँच रोकी शोषण गर्न सक्छन्।

यदि SRH का लागि MISP लाई बेवास्ता गरियो भने, स्वास्थ्य सुविधाहरूमा यौन हिंसाका उत्तरजीवीहरका लागि क्लिनिकल व्यवस्थापन उपलब्ध गराउन सेवाहरू उपलब्ध नहुन सक्छन्। यसका साथै, स्वास्थ्य स्याहार सेटिङहरूमा मानक सावधानीहरू नअपनाउनाले बिरामी वा स्वास्थ्य कार्यकर्ताहरूलाई HIV र अन्य सङ्क्रमणहरू सर्न सक्छ र HIV रोकथाम तथा उपचार (PEP र ART) का लागि औषधिहरू र क्लिनिकहरूमा STIs को उपचार सुनिश्चित नगर्नाले सङ्क्रमण फैलने दरहरू बढ्न सक्छन्। यसका साथै, गर्भनिरोधक विधिहरूको अभावले अनिच्छित गर्भावस्थाहरू निम्त्याउन सक्छ र आधारभूत वा विस्तृत EmONC सेवाहरू आवश्यक भएका बिरामीहरूलाई सु-सज्जित स्वास्थ्य सुविधामा स्थानान्तर गर्नका लागि सिफारिस प्रणाली कार्यान्वयन नहुँदा, महिला र नवजात शिशुहरूको मृत्यु हुन सक्छ वा दीर्घकालीन चोटपटकहरू (उदाहरण, प्रसूति फिस्टुला (अर्थात् अङ्गमा पर्ने अनावश्यक प्वाल)) निम्तिने वा बिरामी हुने हुन सक्छ।

SRH का लागि MISP ले जीवन बचाउन, स्वास्थ्य संरक्षण गर्न र यस्ता र अन्य नकारात्मक परिणामहरू रोक्नका लागि चाल्नुपर्ने आधारभूत कदमहरूको रूपरेखा प्रदान गर्छ।

## SRH का लागि MISP कार्यान्वयन गर्नका लागि को जिम्मेवार छ?

SRH का लागि MISP का प्राथमिकता क्रियाकलापहरू कार्यान्वयन गरिएका छन् भनी सुनिश्चित गर्न स्वास्थ्य क्षेत्र/समूह र स्वास्थ्य मन्त्रालय जिम्मेवार छन्। यद्यपि, SRH का लागि MISP का सबै क्रियाकलापहरू स्वास्थ्य क्षेत्र/समूहमा सीमित छैनन्। उदाहरणका लागि, यौन हिंसा रोक्ने र त्यसमा प्रतिक्रिया जनाउने क्रियाकलापहरूले सुरक्षा, खाद्य/पौष्टिक खाना, शिक्षा, पानी, स्वच्छता र सरसफाइ र आश्रय क्षेत्र/समूहहरू समावेश गर्न सक्छन्। SRH का लागि MISP कार्यान्वयन गर्ने स्वास्थ्य क्षेत्र/समूहले निर्वाह गर्नुपर्ने महत्त्वपूर्ण भूमिका अन्तरनिकाय स्थायी समिति (IASC) का स्वास्थ्य समूह उपकरणहरू र मार्गदर्शनमा प्रतिबिम्बित गरिएको छ।[16]

## मानवतावादी परिस्थितिहरूमा SRH कार्यक्रम निर्माण गर्नुका मूलभूत सिद्धान्तहरू के-के हुन्?

सिद्धान्तहरू भनेका मानवतावादी र SRH का क्षेत्रहरूमा सरोकारवालाहरूसँग लिइएका परामर्शबाट विकास गरिएका मानहरू हुन् र कार्यमा मार्गदर्शन गर्न मद्दत गर्नका लागि प्रयोग गर्नुपर्छ। यिनीहरूमा निम्न समावेश हुन्छन्:

- स्याहार प्राप्त गर्ने मानिस, प्रदायक र स्थानीय र अन्तर्राष्ट्रिय साझेदारहरूसँग सम्मानजनक साझेदारीमा कार्य गर्ने;
- मानिसका विभिन्न SRH आवश्यकताहरूलाई पूरा गरेर समानता सुनिश्चित गर्ने र सेवा र आपूर्तिहरू वहनीय वा निःशुल्क छन्, सबैका लागि पहुँचयोग्य छन् र उच्च गुणस्तरका छन् भनी सुनिश्चित गर्ने;
- आपूर्ति र सेवाहरूको बारेमा विस्तृत, प्रमाणमा आधारित र पहुँचयोग्य जानकारी र छनोट उपलब्ध गराउने;
- सम्बन्धित व्यक्तिहरू र व्यक्तिमा केन्द्रित स्याहारको प्रभावकारी र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, जसले बिरामीहरूको स्वतन्त्र निर्णय लिने क्षमता र सेवा तथा सामग्रीहरूका लागि छनोट पहिचान गर्छ;
- सबैका लागि गोपनीयता र गोप्यता सुनिश्चित गर्ने र मानिसहरूलाई मर्यादा र सम्मानका साथ व्यवहार गर्ने;
- उमेर, लिङ्ग तथा लैङ्गिक पहिचान, वैवाहिक स्थिति, यौन झुकाव, स्थान (उदाहरण, ग्रामिण/नगरीय), अपाङ्गता, जाती, वर्ण, भाषा, धर्म, राजनैतिक वा अन्य विचार, राष्ट्रिय, जातीय वा सामाजिक मूल, सम्पत्ति, जन्म वा अन्य विशेषताहरूको सम्बन्धमा समानतालाई बढावा दिने;
- मानिसहरूले स्वास्थ्य सेवाहरू प्राप्त गर्दा वा उपलब्ध गराउँदा दबाव, भेदभाव वा हिंसा/दुर्व्यवहार/असम्मान/अनुचित व्यवहार अनुभव गरेका छैनन् भनी सुनिश्चित गर्नका लागि स्वास्थ्य स्याहार सुविधाहरूमा लिङ्ग र क्षमताका गतिशीलताहरू पहिचान र सम्बोधन गर्ने;
- समुदायलाई MISP का सेवा र सामग्रीहरूको उपलब्धता र स्थान बारे जानकारी गराउनका लागि किशोर-किशोरीहरू जस्ता प्रायः अधिकारहीन हुने जनसङ्ख्या सहितका समुदायलाई सामुदायिक पहुँचमा संलग्न र संगठित गराउने; र
- स्याहारको गुणस्तर सुधार्ने लक्ष्यका साथ सेवा र आपूर्तिहरू निरीक्षण गर्ने र जानकारी र नतिजाहरू साझा गर्ने।

16 स्वास्थ्य समूह मार्गदर्शक: स्वास्थ्य समूहको राष्ट्र-स्तरको कार्यान्वयनका लागि अभ्यासात्मक मार्गदर्शक (अन्तरनिकाय स्थायी समिति, २००९), 2009), https://www.who.int/health-cluster/resources/publications/hc-guide/en/.

## विपत्तिबाट प्रभावित जनसङ्ख्या र समुदायहरू कसरी संलग्न छन्?

विपदका प्रारम्भिक दिनहरूमा कठिन हुनसक्ने भए तापनि, महिला, किशोर-किशोरीहरू र पुरूषसहित विपत्तिबाट प्रभावित जनसङ्ख्याहरू आपतकालीन अवस्थाको आरम्भबाट SRH का लागि MISP सेवाहरूको कार्यक्रम योजना र कार्यान्वयनमा संलग्न छन् भनी सुनिश्चित गर्नका लागि सक्दो हरेक प्रयास गर्नुपर्छ। जनसङ्ख्याका सबै सदस्यहरू संलग्न छन् भनी सुनिश्चित गर्न, समलिङ्गी महिला, समलिङ्गी पुरूष, द्विलिङ्गी, तेस्रोलिङ्गी, समलिङ्गी, अन्तरलिङ्गी र अलिङ्गी (LGBTQIA) मानिस र अपाङ्गता भएका व्यक्तिहरूसहित विशेष कमजोरी भएका समूहहरूको सुरक्षाको रक्षाको लागि सावधानी अपनाउँदै उनीहरूलाई सम्पर्क गर्न महत्त्वपूर्ण हुन्छ। न्यूनतममा, प्रभावित समुदायहरूलाई यौन हिंसाका उत्तरजीवीहरूका लागि क्लिनिकल स्याहार, गर्भनिरोधक र EmONC जस्तासेवाहरू खोज्नुका लाभहरूर यी सेवाहरू कसरी र कहाँ प्राप्त गर्ने भन्ने बारे सूचित गर्नुपर्छ।

सामुदायिक पहुँच र समानता सुधार्न र परिष्कृत गर्न र समावेशी सेवाहरूलाई समर्थन गर्नका लागि, संस्थाहरूले सेवा उपयोग बुझ्नका लागि कार्यक्रम तथ्याङ्क जाँच गर्न र प्रतिनिधित्व नभएका समूहहरूलाई शिक्षा र जानकारी उपलब्ध गराउन स्थानीय समूहहरूसँग साझेदार गर्न सक्छन्। विविध सामुदायिक समूहहरूबाट संलग्नतालाई प्रोत्साहन गरेर, सम्मानजनक साझेदारीहरूले SRH सेवा कभरेज र गुणस्तर विकास र सुधार गर्न सक्छन्।

### LGBTQIA का परिभाषाहरू

| | |
|---|---|
| **समलिङ्गी महिला** | अर्को महिलासँग भावनात्मक, रोमाञ्चक वा यौन रूपमा आकर्षित हुने महिला। |
| **समलिङ्गी पुरुष** | एउटै लिङ्गका सदस्यहरूसँग भावनात्मक, रोमाञ्चक वा यौन रूपमा आकर्षित हुने व्यक्ति। |
| **द्विलिङ्गी** | एकभन्दा बढी स्त्री-पुरुष, लिङ्ग वा लैङ्गिक पहिचानसँग भावनात्मक, रोमाञ्चक वा यौन रूपमा आकर्षित हुने व्यक्ति, यद्यपि एकसाथ, समान तरिकामा वा समान श्रेणीमा हुन आवश्यक छैन। |
| **तेस्रोलिङ्गी** | जन्मिदा निर्दिष्ट गरिएको लिङ्गको आधारमा लिङ्ग पहिचान र/वा अभिव्यक्ति सांस्कृतिक अपेक्षाभन्दा भिन्न भएका मानिसहरूका लागि छत्र शब्द हो। तेस्रोलिङ्गी हुनु भनेको कुनै विशिष्ट लैङ्गिक झुकावलाई सूचित गर्दैन। तसर्थ, तेस्रोलिङ्गी मानिसलाई विषमलिङ्गी, समलिङ्गी पुरूष, समलिङ्गी महिला, द्विलिङ्गी आदिको रूपमा पहिचान गर्न सकिन्छ। |
| **समलिङ्गी** | अस्थिर पहिचान र झुकावहरू व्यक्त गर्न प्रायः प्रयोग गरिने शब्द हो। |
| **क्वेस्चनिङ** | आफ्नो यौन झुकाव वा लैङ्गिक पहिचानको अन्वेषणको प्रक्रियामा रहेका मानिसहरूलाई व्याख्या गर्न प्रयोग गरिने शब्द हो। |
| **अन्तरलिङ्गी** | प्राकृतिक शारीरिक भिन्नताहरूको व्यापक दायरा व्याख्या गर्नका लागि प्रायः प्रयोग गरिने छत्र शब्द हो। केही अवस्थाहरूमा, यी लक्षणहरू जन्मिदा देखा पर्छन् र अन्य अवस्थाहरूमा तिनीहरू जवान नहुँदासम्म देखा पर्दैनन्। यस्तो प्रकारका केही गुणसूत्र-सम्बन्धी भिन्नताहरू शारीरिक रूपमा देखा नपर्न सक्छन्। |
| **अलिङ्गी** | अन्य मानिसहररूप्रति यौन आकर्षण वा चाहनाको कमी। |

स्रोत: "शब्दावली," अप्रिल ८, २०१९ मा पहुँच गरिएको मानव अधिकार अभियान , https://www.hrc.org/resources/glossary-of-terms.

## SRH का लागि MISP का समुदायहरूलाई जानकारी प्रदान गर्नमा सेवा प्रदायकहरूलाई सहायता गर्न के-कस्ता उपकरणहरू उपलब्ध छन्?

महिला शरणार्थी आयोगले सेवाग्राहीहरूलाई जानकारी उपलब्ध गराउनमा सेवा प्रदायकहरूलाई सहायता गर्न प्रसूति जटिलताहरूका साथै परिवार नियोजन जानकारी, शिक्षा र सञ्चारका टेम्प्लेटहरूका लागि लैङ्गिक दुर्व्यवहार पश्चात स्याहार खोज्नु र स्याहार पहुँच गर्नुको महत्त्वको विषयमा प्रभावित जनसङ्ख्याका लागि SRH का लागि MISP मा सर्वभौमिक तथा अनुकूलनीय जानकारी, शिक्षा र सञ्चारका टेम्प्लेटहरू विकास गरेको छ।17 यी टेम्प्लेटहरूले SRH का लागि MISP का तीन उद्देश्यहरू बताउँछन् र विविध विपद परिस्थितिहरूका समुदायहरूलाई उपलब्ध सेवाहरू र स्याहार खोज्नुका लाभहरूको बारेमा सूचित गर्ने सेवा प्रदायकहरूको प्रयासमा सहायता गर्न अभिप्रेत छन्।

## मैले SRH का लागि MISP को कार्यान्वयनका लागि यी र अन्य संसाधनहरू कहाँ फेला पार्न सक्छु?

विपदको समयमा RH को लागि IAWG वेबसाइटको "SRH का लागि MISP केन्द्रित क्षेत्र" संसाधन पृष्ठमा, तपाईंले जानकारी, शिक्षा र सञ्चारका सामग्रीहरू, SRH का लागि MISP का प्रक्रिया मूल्याङ्कन उपकरणहरू, जाँचसूची, SRH का लागि MISP क्याल्कुलेटर—जसले वकालत, कार्यक्रम निर्माण र अनुदान सञ्चयनका लागि आवश्यक SRH तथ्याङ्कहरू गणना गर्छ (परिशिष्ट C हेर्नुहोस्)—र थप कुराहरू सहित कार्यान्वयनका लागि सामग्री र संसाधनहरू फेला पार्नु हुने छ

## किशोर-किशोरीहरूका आवश्यकता र क्षमताहरू सम्बोधन गरिन्छ भनी सुनिश्चित गर्न किन महत्त्वपूर्ण हुन्छ?

विपद अवस्थाको ठीक पश्चात, शैक्षिक अवसर, रोजगार र अन्य अर्थपूर्ण क्रियाकलापहरूको क्षतिका साथसाथै परिवार र समुदायहरूको विघटन किशोर-किशोरीहरूका लागि सामान्य चुनौतीहरू हुन् र आफूलाई सुरक्षित राख्ने उनीहरूको क्षमतालाई उच्च रूपमा प्रभाव पार्न सक्छ। विस्थापनको परिणाम स्वरूप, उनीहरूले परिवार, सहकर्मी नेटवर्क, धार्मिक संस्था, सामाजिक सहायता र स्वास्थ्य सेवाहरूमा पहुँच गुमाएको हुन सक्छन् जसले हिंसात्मक वा अस्वस्थकर वातावरणहरू निर्माण गर्न सक्छ। कानुन र आदेशको उल्लङ्घन भएसँगै, वयस्यहरू, विशेषगरी केटीहरू यौन जबरजस्ती, शोषण तथा हिंसा र प्रारम्भिक तथा जबरजस्ती गरिने विवाहहरूमा विशेषगरी असुरक्षित हुन्छन् जसले अनिच्छित गर्भावस्था, गर्भावस्था र बच्चा जन्मने अवधिमा हुने जटिलता, असुरक्षित गर्भपतन र HIV सहित STIs का जोखिमहरू थप बढाउँछ।

किशोर-किशोरीहरूको उत्थानशीलता र उपाय कुशलताले उनीहरूलाई आफ्ना परिस्थितिहरूको सामना गर्न र आफ्ना समुदायहरूलाई सहायता गर्नमा मद्दत गर्न सक्छ। उनीहरूलाई आपतकालीन अवस्थाको प्रारम्भबाट उनीहरूका आवश्यकताहरू बारे विचार गरिएको र सम्बोधन गरिएको छ भनी सुनिश्चित गर्नमा मद्दत गर्नका लागि पहुँचयोग्य, स्वीकार्य र उचित SRH का लागि MISP सेवाहरूको डिजाइन, समन्वयन र कार्यान्वयनमा सहभागी हुन अवसरहरू उपलब्ध गराउनुपर्छ।[18]

---

17 http://iawg.net/resource/universal-adaptable-information-education-communication-iec-templates-misp मा गएर जानकारी, शिक्षा र सञ्चारका टेम्प्लेटहरू र http://iawg.net/resource/universal-and-adaptable-information-education-and-communication-templates-on-family-planning/. मा गएर परिवार नियोजनका टेम्प्लेटहरू डाउनलोड गर्नुहोस्।

18 सेभ दि चिल्ड्रेन (Save the Children) र संयुक्त राष्ट्र जनसङ्ख्या कोष, मानवतावादी परिस्थितिहरूमा किशोर-किशोरीको यौन तथा प्रजनन स्वास्थ्यको टुलकिट: मानवतावादी परिस्थितिहरूमा प्रजनन स्वास्थ्यको लागि अन्तरनिकाय फिल्ड म्यानुअलको सहयोगी (UNFPA, २०१०), https://www.unfpa.org/sites/default/files/pub-pdf/UNFPA_ASRHtoolkit_english.pdf.

## SRH का लागि MISP को कार्यान्वयनमा सहरी जनसङ्ख्या, गतिशील जनसङ्ख्या र रिमोट कार्यक्रम निर्माणबारे विचार गर्न किन महत्त्वपूर्ण हुन्छ?

यी प्रत्येक अवस्थामा, सुरक्षा, तार्किक वा सञ्चारसँग सम्बन्धित चुनौतीहरूले गर्दा स्वास्थ्य सेवाहरू उपलब्ध गराउन चुनौतिपूर्ण हुन सक्छ।

सहरी: **विश्व** द्रुत विश्वव्यापी सहरीकरण प्रक्रियामा गइरहेको छ। आज विश्वको ५५% जनसङ्ख्या सहरी क्षेत्रहरूमा बसिरहेका छन् र २०५० सम्म ६८% विश्वव्यापी जनसङ्ख्या सहरी क्षेत्रहरूमा बस्ने अनुमान लगाइएको छ।[19]सम्पूर्ण शरणार्थीहरूमध्ये लगभग ६०% र आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूमध्ये ८०% सहरी क्षेत्रहरूमा बस्छन् जहाँ रोजगारी जस्ता अवसरहरू थप पहुँचयोग्य छन्।[20] यद्यपि, सहरी परिस्थितिका स्वास्थ्य प्रणालीहरू प्रायः पहिले देखि नै फैलिएका हुन्छन् र विपत्तिबाट प्रभावित व्यक्तिहरूको अन्तर्वाहलाई समर्थन नगर्न सक्छन्।

गतिशील जनसङ्ख्याहरू: **हालैको** वर्षमा, हामीले गतिशील जनसङ्ख्या र आप्रवासमा वृद्धि देखेका छौं। स्वास्थ्य सेवाहरूमा पहुँच गर्नबाट आप्रवासीहरूलाई रोक्ने केही बाधाहरूमा जानकारी, भाषा, खर्च र गिरफ्तारी वा निर्वासनको खतरा समावेश छन्।[21]

रिमोट कार्यक्रम निर्माण: **विपत्तिका अस्थिर** विशेषताहरूले सुरक्षा र लोजिस्टिकसम्बन्धी चुनौतीहरू निम्ताएका छन् जसले केही द्वन्द्व र प्रकोपद्वारा प्रभावित जनसङ्ख्याहरूलाई सुरक्षित र प्रभावकारी ढंगले राहत प्रदान गर्ने मानवतावादी संस्थाहरूको क्षमतालाई प्रतिबन्ध लगाउन सक्छन्।[22] रिमोट कार्यक्रम निर्माण दीर्घकालीन, कमजोर र द्वन्द्वबाट प्रभावित परिस्थितिहरूमा एकदमै सामान्य बनेको छ जहाँ पहुँच गम्भीर रूपमा प्रतिबन्धित गरिएको छ।

विपत्तिबाट प्रभावित महिला र वयस्कहरूका लागि, यस्ता परिस्थितिमा साँस्कृतिक, सामाजिक, आर्थिक र सुरक्षा/संरक्षणका बाधाहरूको कारणले गर्दा स्वास्थ्य र अन्य सेवाहरू प्राप्त गर्न प्रायः चुनौती हुन्छ। साथै, उनीहरूसँग कस्ता सेवाहरू विद्यमान छन् र कहाँ छन् भन्नेबारे जानकारी नहुन सक्छ। अध्ययनहरूले द्वन्द्वबाट प्रभावित क्षेत्रहरूमा बस्ने वा गतिशील गर्भवती महिलामा प्रायः स्याहारमा घट्दो पहुँच र स्याहारका न्यून मानकहरूको कारणले उच्च दरमा मातृत्व तथा नवजात शिशुको मृत्यु निम्ताउने उच्चतम दरको गर्भावस्थासँग सम्बन्धित जटिलताहरू हुन्छन् भनी पत्ता लगाएका छन्।[23]

19 विश्व सहरीकरणका सम्भावनाहरू: २०१८ संशोधन (संयुक्त राष्ट्र, आर्थिक तथा सामाजिक मामिला विभाग, जनसङ्ख्या विभाग, २०१८), 2018), https://population.un.org/wup/Publications/Files/WUP2018-KeyFacts.pdf.

20 Hans Park, "The Power of Cities," UN शरणार्थी निकाय, नोभेम्बर २५, २०१६, https://www.unhcr.org/innovation/the-power-of-cities.

21 न्यू वाल्ड अर्डर: आधारभूत सेवाहरूमा अवरोधहरूले आप्रवासनलाई मानवतावादी विपत्तिमा कसरी परिवर्तन गर्छ (इन्टरनेशनल फेडेरेशन अफ रेड क्रस एण्ड रेड क्रिसेन्ट सपसाइटिज, जुलाई २०१८, http://media.ifrc.org/wpcontent/uploads/sites/5/2018/07/Migration-policy-Report-Final-LR.pdf.

22 Simran Chaudhri, Kristina Cordes, and Nathan Miller, *Humanitarian Programming and Monitoring in Inaccessible Conflict Settings: A Literature Review* (WHO, February 2017), https://www.who.int/health-cluster/resources/publications/remote-lit-review.pdf.

23 Olivia Tulloch, Fortunate Machingura र Claire Melamed, स्वास्थ्य, आप्रवास र दिगो विकासका लागि २०३० कार्यसूची (वैदेशिक विकास संस्था, जुलाई २०१६), https://www.odi.org/sites/odi.org.uk/files/resource-documents/10761.pdf; A.D. Akol, S. Caluwaerts, and A.D. Weeks, "Pregnant Women in War Zones," BMJ (April २०, २०१६), ३५३, https://doi.org/10.1136/bmj.i2037.

सबै कार्यकर्ताहरू यी चुनौतीहरूलाई सम्बोधन गर्न र यी परिस्थिहरूमा बस्ने मानिसहरूको सुरक्षा र कल्याणलाई संरक्षण गर्नका लागि एकसाथ कार्य गर्नुपर्छ।[24] स्वास्थ्य स्याहारको प्रावधान देश र अवस्था अनुसार भिन्न-भिन्न हुने भएकोले, एउटा सिफारिस गरिएको पद्धति भनको स्वास्थ्य मन्त्रालय, NGO र प्रतिष्ठामा आधारित सेवाहरूसहित उपलब्ध स्वास्थ्य सुविधा र प्रणालीहरूको द्रुत प्रतिचित्रण सञ्चालन गर्ने हो। गतिशील जनसङ्ख्याहरूको मामिलामा, सेवाहरू समूह/क्षेत्रहरूको स्थान र सामान्य आप्रवासन रूटहरूसँग अन्य क्षेत्र/देशहरूमा प्रतिचित्रण गरिएको हुनुपर्छ। विशिष्ट कमजोरीहरू भएका महिला, किशोर-किशोरीहरू र अन्य समूहहरूलाई परामर्श लिनका लागि विस्तृत सूची हुँदा उनीहरूलाई आवश्यक पर्न सक्ने सेवाहरू कसरी र कहाँ पहुँच गर्ने भन्नेबारे सही जानकारी उपलब्ध गराउनुहोस्। अर्को पद्धति भनेको समुदाय संरचनाको भाग रहेको र कोही पनि पछाडि छुटेका छैनन् र विपत्तिबाट प्रभावित भएका र सेवाहरूको आवश्यकतामा रहेका ती सबै व्यक्तिहरू सम्पर्कमा छन् भनी सुनिश्चित गर्नका लागि स्थानीय समाधानहरू फेला पार्न उत्कृष्ट रूपमा सक्षम हुने स्थानीय संस्थाहरूसँग साझेदारीहरू स्थापना गर्ने हो।

## SRH का लागि MISP को कार्यान्वयन कसरी निरीक्षण गर्न सकिन्छ?

**SRH का लागि MISP को जाँचसूची** (परिशिष्ट B हेर्नुहोस्) प्रत्येक मानवतावादी आपतकालीन अवस्थामा SRH सेवा प्रावधानको नरीक्षण गर्न प्रयोग गरिन्छ। यो SRH समन्वयकहरूद्वारा मौखिक रिपोर्टिङ गरेर र/वा अवलोकन भेटहरू गरेर गर्न सकिन्छ। मानवतावादी प्रतिक्रियाको प्रारम्भमा, साप्ताहिक निरीक्षण कार्यन्वयन गरिनुपर्छ। सेवाहरू पूर्ण रूपमा स्थापित भएपछि र त्यसमा सहमत भएपछि, गुणस्तर MISP र विस्तृत SRH सेवाहरूप्रति प्रगति निर्धारण गर्नका लागि नियमित निरीक्षण र मूल्याङ्कन सञ्चालन गरिनुपर्छ।

**स्वास्थ्य संसाधनहरूको उपलब्धता निरीक्षण प्रणाली (HeRAMS)** भनेको SRH का लागि MISP को कार्यान्वयन निरीक्षण गर्ने र स्वास्थ्य कार्यकर्ताहरूसँग समन्वयन र निर्णय लिने कार्यलाई समर्थन गर्ने अर्को उपकरण हो।[25] HeRAMS भनेको र सेवाको प्रकार र स्याहारको स्तर अनुसारका आपतकालीन अवस्थाहरूद्वारा प्रभावित विभिन्न क्षेत्रहरूमा स्वास्थ्य सुविधाहरूको स्थिति र स्वास्थ्य सेवा र संसाधनहरूको उपलब्धताको निरीक्षण र मूल्याङ्कनलाई समर्थन गर्न विकास गरिएको एक सफ्टवेयरमा आधारित जानकारी प्रणाली हो। HeRAMS द्वारा निरीक्षण गरिएका चारवटा क्षेत्र स्वास्थ्य सुविधाहरू, स्वास्थ्य सुविधाहरूका लागि संसाधनहरू, उपलब्ध गराइएका सेवाहरू (SRH का लागि MISP सँग विशिष्ट भएका सहित) र सेवाहरू किन उपलब्ध छैनन् भन्ने कारणहरू हुन्।

शरणार्थीहरूका लागि संयुक्त राष्ट्र उच्च आयुक्तद्वारा विकास गरिएको **आपतकालीन स्वास्थ्य सूचना प्रणाली टुलकिटमा** आपतकालीन अवस्थाको प्रारम्भबाट सङ्कलन गरिनुपर्ने स्वास्थ्य सुविधाको स्तरमा डाटा सङ्कलन बारे सूचित गर्ने प्रमुख SRH सूचकहरू समावेश छन्।[26] यो तथ्याङ्क स्वास्थ्य क्षेत्र/समूह समन्वयन प्रक्रियाहरूको सेवा कभरेजमा अन्तर र ओभरल्यापहरूबारे छलफल गर्न र समाधानहरू फेला पार्न र कार्यान्वयन गर्नका लागि प्रयोग गर्न सकिन्छ।

---

24 रिमोट कार्यक्रम निर्माण र गतिशील तथा आप्रवासी जनसङ्ख्याबारे अतिरिक्त जानकारीमा निम्न समावेश छन्: जटिल सुरक्षाका वातावरणहरूमा मानवतावादीहरूका लागि राम्रो अभ्यासमा रहन र डेलिभर गर्न (OCHA, २०११), https://www.unocha.org/sites/unocha/files/Stay_and_Deliver.pdf. पहुँच गर्न नसकिने द्वन्द्व वातावरणहरूमा मानवतावादी कार्यक्रमको निर्माण र निरीक्षण: साहित्य समीक्षा (WHO विश्वव्यापी स्वास्थ्य समूह, फेब्रुअरी २०१७), http://www.who.int/health-cluster/resources/publications/remote-lit-review.pdf. Antonio Donini र Daniel Maxwell, "प्रत्यक्षबाट स्क्रिनमा: रिमोट व्यवस्थापन, असुरक्षित परिस्थितिहरूमा मानवतावादी कार्यको प्रभावकारिता र उत्तरदायित्व," रेड क्रसको अन्तर्राष्ट्रिय समीक्षा, 95, pp 383-413 doi:10.1017/S1816383114000265. Peta Sandison, कार्यक्रम गुणस्तरको व्यवस्थापनका लागि सीमित पहुँचको मानवतावादी कार्यक्रम निर्माण गर्ने सञ्चालनात्मक मार्गदर्शन संस्करण १ (Oxfam, जनवरी २०१७) https://www.medbox.org/limited-access-humanitarian-programming/download.pdf. शरणार्थी र आप्रवासीहरूको स्वास्थ्य: शरणार्थी र आप्रवासीहरूका स्वास्थ्य आवश्यकताहरू सम्बोधन गर्ने अभ्यासहरू (WHO अफ्रिकन क्षेत्र, २०१८), www.who.int/migrants/publications/AFRO-Practices.pdf.

25 HeRAMS बारे थप जानकारी https://www.who.int/hac/herams/en/ मा पहुँच गर्न सकिन्छ।

26 "स्वास्थ्य सूचना प्रणाली टुलकिट," UNHCR, अप्रिल ८, २०१९ मा पहुँच गरिएको, https://www.unhcr.org/protection/health/4a3374408/health-information-system-toolkit.htm/.

## निकायले SRH का लागि MISP क्रियाकलापहरू समर्थन गर्नको निमित्त कसरी वित्त व्यवस्था प्राप्त गर्न सक्छ?

SRH का लागि MISP ले CERF को जीवन रक्षक मापदण्ड पूरा गरेकोले, [27] NGO हरूले मानवतावादी योजना र अपील प्रक्रियाको भागमा पर्ने परियोजनाहरूका लागि प्रस्तावहरू पेश गरेर संयुक्त राष्ट्रबाट CERF कोषहरूमा पहुँच गर्न सक्छन्। देशमा आधारित संयोजित कोषहरूले मानवतावादी प्रतिक्रिया योजनाहरूले जस्तै अर्को वित्त व्यवस्थाको विकल्प उपलब्ध गराउँछ। प्रस्तावहरूले अवस्थाले अनुमति दिनसाथ SRH कार्यक्रमको विस्तारण सँगसँगै सम्बोधन गरिनुपर्ने पहिलो SRH तत्त्वहरूको रूपमा MISP मा उल्लिखित गरिए अनुसार प्राथमिक SRH का क्रियाकलापहरूबारे व्याख्या गर्नुपर्छ।

विपदको अवस्थामा प्रतिक्रिया जनाउने संस्थाहरूले अष्ट्रेलियाली विदेशी मामिला तथा व्यापार विभाग (DFAT), संयुक्त राज्य (U.S.) को जनसङ्ख्या, शरणार्थी र आप्रवासन ब्यूरो (BPRM), ग्लोबल अफेयर्स क्यानडा (GAC), संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभाग (DFID), युरोपियन नागरिक सुरक्षा तथा मानवतावादी सहायता सञ्चालन (ECHO), डेनमार्कको विदेशी मामिला मन्त्रालय, नेदरल्याण्ड्सको विदेशी मामिला मन्त्रालय, नर्वेजियन विकास सहकारिता निकाय, संयुक्त राज्यको विदेशी प्रकोप सहायता कार्यक्रम कार्यालय (OFDA), स्वीडिश अन्तर्राष्ट्रिय विकास सहकारिता निकाय (Sida), UNHCR, संयुक्त राष्ट्र जनसङ्ख्या कोष (UNFPA) जस्ता दाताहरू र आपतकालीन प्रतिक्रिया क्रियाकलापहरू समर्थन गर्न सक्ने निजी दाताहरूको प्रस्तावमा SRH का लागि MISP क्रियाकलापहरूका लागि वित्त व्यवस्था पनि समावेश गर्नुपर्छ।[28]

यो प्रस्तावहरूमा Sphere SRH र HIV मानक उल्लेख गर्न मद्दतपूर्ण हुन सक्छ। २०१८ मा, Sphere हातेपुस्तिकाको २०१८ संस्करणमा, SRH का लागि MISP का प्राथमिकता क्रियाकलापहरू यौन तथा प्रजनन स्वास्थयका मानकभित्र समावेश गरिएको छ: "मानक २.३.१ प्रजनन मातृ तथा नवजात स्वास्थ्य स्याहार," "मानक २.३.२ यौन हिंसा र बलात्कारको चिकित्सकीय व्यवस्थापन" र "मानक २.३.३ HIV।"[29]

## SRH का लागि MISP कार्यान्वयन गर्न के-कस्ता आपूर्तिहरू आवश्यक हुन्छन् र निकायले तिनीहरूलाई कहाँ प्राप्त गर्न सक्छ?

अत्यावश्यक औषधि, उपकरण र SRH का लागि MISP कार्यान्वयन गर्ने आपूर्तिहरूलाई विशेष रूपमा डिजाइन गरिएको पूर्व प्याकेज किटहरूमा सम्मिलित गरिएको छ: अन्तरनिकाय आपतकालीन प्रजनन स्वास्थ्य (IARH) किटहरू। विपदको समयमा RH को लागि IAWG को सट्टामा UNFPA द्वारा व्यवस्थित यी किटहरू कुनै पनि तीव्र आपतकालीन अवस्थाको प्रारम्भिक चरणमा विश्वव्यापी रूपमा उपयुक्त हुनगरी डिजाइन गरिएको हो। यद्यपि, किटहरूमा समावेश गरिएका केही औषधि र चिकित्सा यन्त्रहरू सबै सेटिङहरूका लागि उपयुक्त नहुन सक्छन्। यी विश्वव्यापी प्रयोगका लागि डिजाइन गरिएका, पूर्व प्याक गरिएका र तत्कालीन डिस्प्याचका लागि तयारी अवस्थामा राखिएका मानकीकृत आपतकालीन किटहरू भएकोले यो अनिवार्य छ। विपदको समयपूर्व सेटिङका आपूर्तिहरूको उपलब्धता र स्वास्थ्य सुविधाहरूको क्षमतामा निर्भर रहेर सबै किटहरू सबै सेटिङहरूमा आवश्यक नहुन सक्छ। साथसाथै, केही अत्यावश्यक सामग्रीहरू IARH किटहरूमा समावेश गरिएको छैन तर प्रमुख किटहरू पूर्ण गर्नका लागि विशेष परिस्थितिहरू अन्तर्गत समपूरक सामग्रीहरूको रूपमा अर्डर गर्न सकिन्छ। स्वास्थ्य क्षेत्र/समूहमा र/वा SRH उप-क्षेत्र/कार्य समूह बैठकहरूमा र आपतकालीन तत्परताको चरणमा आपूर्तिहरूको बारेमा छलफल गरिनुपर्छ।

27 जीवन रक्षक मापदण्ड र क्षेत्रीय क्रियाकलापहरू (केन्द्रिय आपतकालीन प्रतिक्रिया कोष, २०१०) https://cerf.un.org/.

28 "प्रस्तावहरूका लागि मार्गदर्शनहरू," USAID, अप्रिल ८ मा पहुँच गरिएको, २०१९, https://www.usaid.gov/what-we-do/working-crises-and-conflict/crisis-response/resources/guidelines-proposals; "वित्त व्यवस्थाका अवसरहरू," संयुक्त राज्य विभाग, अप्रिल ८, २०१९ मा पहुँच गरिएको, https://www.state.gov/j/prm/funding; "मानवतावादी सहायताका लागि वित्त व्यवस्था," युरोपियन नागरिक सुरक्षा तथा मानवतावादी सहायता सञ्चालन, अप्रिल ८, २०१९ मा पहुँच गरिएको, http://ec.europa.eu/echo/funding-evaluations/funding-humanitarian-aid_en; अष्ट्रेलियाली सरकारको विदेशी मामिला तथा व्यापार विभाग (वेबसाइट), अप्रिल ८, २०१९ मा पहुँच गरिएको, https://dfat.gov.au.

29 Sphere हातेपुस्तिका २०१८ (Sphere, २०१८), https://www.spherestandards.org/handbook/.

आपतकालीन अवस्थाहरूको अवधिमा जीवन रक्षक SRH आपूर्तिहरूमा अवरोध पुग्न नदिनका लागि, मानवतावादी कार्यकर्ताहरूले विस्तृत SRH कार्यक्रम निर्माणमा सेवाहरूको विस्तारणको अवधिमा मात्र नभएर SRH का लागि MISP कार्यान्वयन भइरहेको आपतकालीन अवस्थाको तीव्र चरणमा पनि दीर्घकालीन आपूर्ति श्रृङ्खलालाई स्थानीय रूपमा सबल बनाउन महत्त्वपूर्ण हुन्छ भन्ने कुरालाई ध्यानमा राख्नपर्छ। विपद परिस्थितिहरूमा लोजिस्टिकसम्बन्धी समस्याहरू सामान्य भएपनि, SRH उप-क्षेत्र/कार्य समूह र स्वास्थ्य क्षेत्र/समूहका साझेदारहरू विशेषगरी स्वास्थ्य आपूर्तिहरूका लागि लोजिस्टिक्स क्षेत्र/समूह र अन्य स्वास्थ्य साझेदारहरूसँग नजिकै रहेर कार्य गर्नुपर्छ। सम्बन्धित मानवतावादी कार्यकर्ताहरूले लोजिस्टिक्स योजनाहरूमा मानवतावादी स्वास्थ्य आपूर्तिहरूको एकीकरण सुनिश्चित गर्ने र कुनै कुराको अभाव र स्टकको कमी हुन नदिनका लागि समग्र चिकित्सा आपूर्तिको खरिदमा आवश्यकतामा आधारित SRH आपूर्तिहरू समावेश हुन्छन् भनी द्रुत रूपमा पहिचान गरी सुनिश्चित गर्ने कार्य गर्नुपर्छ।

i

आपूर्ति र लोजिस्टिकहरूबारे थप जानकारीका लागि, कृपया २०१८ IAFM को एकाइ ९, अध्याय ४ र IARH किट म्यानुअल (२०१९) र संलग्न सामग्रीहरू हेर्नुहोस्।

## SRH का लागि MISP तीव्र आपतकालीन अवस्थाहरूका लागि मात्र हो?

SRH का लागि MISP तीव्र विपद अवस्थाहरूमा मात्र लागूयोग्य हुँदैन। दीर्घकालीन विपत्ति र पुनः प्राप्तिमा यौन तथा प्रजनन स्वास्थ्यको ग्रेनाडा सर्वसम्मति प्रारुपमा SRH का लागि MISP का चिकित्सकीय तत्त्वहरू सुनिश्चित गर्ने, समान कभरेज प्राप्त गर्ने र तिनीहरूलाई दीर्घकालीन विपत्तिमा र पुनः प्राप्तिको अवधिभरमा विस्तृत SRH कार्यक्रम निर्माणमा समाहित हुने भएकाले सेवाहरू कायम राख्ने कुराहरू पर्दछन्।[30] केही दीर्घकालीन र विपद पश्चातका परिस्थितिहरूमा, SRH का लागि MISP का प्राथमिकता दिइएका चिकित्सकीय सेवाहरू अहिलेसम्म स्थापित भएका छैनन् भन्ने कुरामा ध्यान दिनु महत्त्वपूर्ण हुन्छ। यस्तो अवस्थामा, विद्यमान SRH कार्यक्रम निलम्बित गर्नु वा घटाउनु हुँदैन तर SRH का लागि MISP का सबै प्राथमिकता सेवाहरू समावेश गर्न तुरून्तै सुधारिएको हुनुपर्छ।

## प्रकोप र द्वन्द्व-उन्मुख देशहरूमा आपतकालीन अवस्थाका लागि तयारी गर्न के गर्न सकिन्छ?

स्थानीय समुदायहरू, जिल्ला तथा राज्य प्रतिनिधिहरू र मानवतावादी, प्रकोप र विकासका निकायहरूले आपतकालीन तत्परता र आकस्मिक योजनाहरूसहित स्वास्थ्य आपतकालीन व्यवस्थापन नीतिहरूमा SRH लाई प्राथमिकता दिनुपर्छ। यी योजनाहरूमा SRH का लागि MISP का राष्ट्रिय, स्थानीय र समुदायमा आधारित स्वास्थ्य कामदारहरूलाई प्रशिक्षण गराउने; आपतकालीन अवस्था पूर्व र प्रारम्भमा उपलब्ध सेवाहरूको मानचित्र बनाउने प्रणाली पहिचान गर्ने; समन्वयन र सञ्चारका रणनीतिहरू पहिचान गर्ने; आपतकालीन मानव संसाधनहरूको योजना बनाउने; र SRH का लागि MISP आपूर्तिहरू सञ्चय गर्ने, व्यवस्थित गर्ने, अर्डर गर्ने र प्रचार गर्नका लागि लोजिस्टिक योजनाहरूको विकास गर्ने कुराहरू पर्दछन्। यी तत्परताका प्रयासहरूमा समर्थन गर्ने संसाधनका दुईवटा उदाहरण यहाँ छ:

अक्टोबर २००६ मा सिड्नी, अष्ट्रेलियामा आयोजित भएको नवौं विपदको समयमा RH को लागि IAWG बैठकपछि पूर्व र दक्षिणपूर्वी एसिया र प्यासिफिकमा विपद र विपद पश्चातका अवस्थाहरू (SPRINT) मा यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम (SPRINT) पहल अष्ट्रेलियन सरकारको वित्त व्यवस्थाबाट विकसित गरिएको थियो।

30 दीर्घकालीन विपत्ति र पुनः प्राप्तिमा यौन तथा प्रजनन स्वास्थ्यको ग्रेनाडा सर्वसम्मति (Andalusian स्कूल अफ पब्लिक हेल्थ, UNFPA र WHO), अप्रिल ८, २०१९ मा पहुँच गरिएको, https://www.who.int/hac/techguidance/pht/reproductive_health_protracted_crises_and_recovery.pdf.

यो पहलको लक्ष्य भनेको मानवतावादी परिस्थितिहरूमा बस्ने जनसङ्ख्याका लागि SRH सेवाहरू र जानकारीमा पहुँच सुधार्ने हो। यो अहिले यसको तेस्रो चरणमा छ र निम्न कुराहरू सुनिश्चित गर्ने उद्देश्यहरूका साथ दक्षिण र दक्षिणपूर्वी एसिया र प्यासिफिकमा ध्यान केन्द्रित गर्छ:

- नीति र वित्त व्यवस्था वातावरण मानवतावादी परिस्थितिहरूमा SRH र अधिकारहरूको बढ्दो रूपमा सहयोगी छ;
- विपदको समयमा SRH का लागि MISP को कार्यान्वयनको समन्वय गर्न बढ्दो राष्ट्रिय क्षमता छ; र
- विपदको समयमा SRH का लागि MISP समायोचित ढंगले कार्यान्वित गरिन्छ।

SPRINT पहल अन्तर्राष्ट्रिय नियोजित परिवार महासंघ (IPPF) द्वारा व्यवस्थित गरिएको छ र UNFPA, महिला शरणार्थी आयोग जस्ता साझेदारहरू र विपदको समयमा RH को लागि IAWG का अन्य सदस्यहरूसँग नजिकै रहेर कार्य गर्छ। SPRINT पहल र IPPF को मानवतावादी कार्यबारे थप जानकारीका लागि, कृपया www.ippf.org/our-priorities/humanitarian मा जानुहोस्।

**विपदको समयमा RH को लागि IAWG प्रशिक्षण साझेदारी पहल** SRH का लागि MISP को कार्यान्वयनमा चिकित्सकीय सेवा अन्तरहरूलाई सम्बोधन गर्न २००६ मा निर्माण गरिएको थियो। IAWG प्रशिक्षण साझेदारी पहलले आपतकालीन अवस्थाको प्रारम्भबाट गुणस्तर SRH सेवाहरू प्रभावकारी रूपमा समन्वय र डेलिभर गर्न र एकीकृत विस्तृत SRH सेवाहरूको लागि प्रभावकारी योजना र कार्यान्वयन सञ्चालन गर्न क्षेत्रीय, राष्ट्रिय र स्थानीय क्षमता बढाउनका लागि एकीकृत, समावेशी र व्यापक प्रद्धतिमा ध्यान केन्द्रित गर्छ। IAWG प्रशिक्षण साझेदारी पहलबारे थप जानकारीका लागि, कृपय iawg.net मा जानुहोस्।

## एकाइ 1: मुख्य बुँदाहरू

- SRH का लागि MISP का छ उद्देश्यहरूमा निम्न समावेश छन्: SRH का लागि MISP को कार्यान्वयनलाई नेतृत्व गर्न संस्थाको पहिचान सुनिश्चित गर्ने, यौन हिंसा रोक्ने र उत्तरजीवीहरूका आवश्यकताहरूमा प्रतिक्रिया जनाउने, HIV र अन्य STIs को सङ्क्रमण रोक्ने र यसको कारणले हुने बिमारी र मृत्युदर कम गर्ने, अत्याधिक मातृ तथा नवजात बिमारी र मृत्युदर रोक्ने, अनिच्छित गर्भावस्थाहरू रोक्ने र विस्तृत SRH लाई जति सक्दो छिटो प्राथमिक स्वास्थ्य स्याहारमा समाहित गर्ने योजना बनाउने हुन्। SRH का लागि MISP का अन्य प्राथमिकताका क्रियाकलापहरूमा कानूनको पूर्ण हदसम्म सुरक्षित गर्भपतन स्याहारमा पहुँच समावेश छ।
- SRH का लागि MISP मर्यादाका साथ जीवन जिउने अधिकारलाई सुरक्षित गर्दै मृत्यु, बिमारी र अपाङ्गता कम गर्नका लागि महत्त्वपूर्ण छ।
- महिला, किशोर-किशोरीहरू र पुरूषसहित विपत्तिबाट प्रभावित जनसङ्ख्याहरू आपतकालीन अवस्थाको प्रारम्भदेखि SRH का लागि MISP सेवाहरूको कार्यक्रम योजना र कार्यान्वयनमा संलग्न छन् भनी सुनिश्चित गर्न सकेको हरेक प्रयास गर्नुपर्छ। न्यूनतममा, प्रभावित समुदायहरूलाई यौन हिंसाका उत्तरजीवीहरूका लागि क्लिनिकल स्याहार, गर्भनिरोधक र EmONC जस्ता—सेवाहरू खोज्नुका लाभहरू—र यी सेवाहरूलाई कसरी र कहाँ प्राप्त गर्ने भन्ने बारे सूचित गर्नुपर्छ।
- SRH का लागि MISP को जाँचसूची मानवतावादी आपतकालीन अवस्थाहरूमा SRH सेवा प्रावधान र समन्वयन निरीक्षण गर्नका लागि प्रयोग गर्न सकिन्छ।
- विपदको समयमा प्रतिक्रिया जनाउने संस्थाहरूले दाताहरूका प्रस्तावहरूमा SRH का लागि MISP का क्रिताकलापहरूका लागि वित्त व्यवस्था समावेश गर्नुपर्छ।